तत्काल प्रसारणका लागि

**साउदी अरेबीयाः घरेलु कामदारले कठोर दुर्व्यवहारको सामना गर्छन् ।**

मुख्य सुधारहरू थाति राखिएका छन्, दास समान अवस्थाहरूको कमैमात्र सुधार भएको छ ।

जकार्ता, जुलाई ८, २००८– कुनै कुनै अवस्थामा दास समान व्यवहार हुने गम्भीर मानव अधिकार उल्लङ्घनबाट घरेलु कामदारलाई सुरक्षा प्रदान गर्न साउदी अरेबीयाले श्रम, आप्रवास र फौजदारी न्याय लागू गर्नुपर्छ, 'ह्युमन राइट वाच' ले आज प्रसारित आफ्नो प्रतिवेदनमा भनेको छ । घरेलु कामदारहरूलाई महिनौं वा बर्षौंको तलव नदिने, जबरजस्ती थुनामा राख्ने र शारीरिक तथा यौन हिंसा थोपर्ने जस्ता दुर्व्यवहार गर्ने रोजगारदाताहरू कुनै सजायको भागिदार बन्दैनन्, जबकी केही कामदारहरूले चोरी, व्यभिचार वा बोक्सी(टुना-मुना) भएको जस्ता झुठा(मिथ्या) आरोपमा कारावास वा कोर्रा जस्ता सजायको सामना गरिरहेका छन् ।

"मानौं म मानव नै हैन" नामक १३३ पृष्ठको प्रतिवेदनः साउदी अरेबीयामा एसियाली कामदारहरूमाथिको दुर्व्यवहार दुई बर्ष लामो अनुसन्धानको निष्कर्ष हो र घरेलु कामदार, बरिष्ठ सरकारी अधिकारीहरू र साउदी अरेबीया तथा कामदार पठाउने राष्ट्रका कामदार भर्तिकर्ताहरूसँग गरिएका १४२ अन्तरवार्तामा आधारित छ ।

"असल अवस्थाहरूमा साउदी अरेबीयामा आप्रवासी महिलाहरूले काम गर्ने राम्रो वातावरण(अवस्था) र दयालु रोजगारदाता भेट्टाउँछन् भने खराब अवस्थाहरूमा उनीहरूलाई झण्डै झण्डै दास सरहको व्यवहार गरिन्छ । धेरैजसो कामदारहरू यी दुई बीचको अवस्थामा पर्छन्", 'ह्युमन राइट वाच' को महिला अधिकार विभागकी वरिष्ठ अनुसन्धानकर्ता निशा भारिया भन्छिन् । "साउदी अरेबीया सरकारले घरेलु कामदारलाई श्रम ऐन अन्तरगत सुरक्षा प्रदान गर्नु पर्दछ र भिसा प्रस्तावकत्व (sponsorship) प्रणलीमा सुधार गर्नुपर्छ जसले गर्दा आफ्ना परिवारका निम्ति आय आर्जन गर्न आतुर महिलाहरूले आफ्नो जीवन नै जूवाको खालमा राख्नुपर्ने छैन ।"

साउदी परिवारहरूले मुख्य गरी इन्डोनेसीया, श्रीलङ्का, फिलिपिन्स र नेपालबाट अन्दाजन १५ लाख घरेलु कामदारलाई काममा लगाउँछन् । सानो सङ्ख्यामा कामदारहरू अन्य अफ्रिकी तथा एसियाली मुलुकहरूबाट आएका छन् । दुर्व्यवहारका वास्तविक तथ्याङ्क उपलब्ध नभए तापनि सामाजिक मामिलासम्बन्धी साउदी मन्त्रालय र कामदार पठाउने राष्ट्रका दुतावासहरूले प्रत्येक वर्ष आफ्ना रोजगारदाता र भर्तिकर्ता विरुद्ध उजुरी दिने हजारौं कामदारहरूलाई आश्रय प्रदान गरिरहेका छन् ।

अत्यधिक कामको बोझ तथा महिनौंदेखि १० वर्षसम्मको कामको तलब नपाउनु जस्ता विष्मयहरू आम उजुरीभित्र पर्छन् । अधिराज्यको कानुनले अन्य कामदारहरूलाई ग्यारेटी गरिएका हप्ताको एक दिन विदा, ओभरटाइमको ज्याला जस्ता अधिकारहरू घरेलु कामदारहरूलाई प्रदान गरेको छैन । धेरैजसो घरेलु कामदारहरूले हप्ताको सातै दिन दैनिक १८ घण्टा काम गर्नु पर्छ ।

निषेधकारी काफला(प्रतावकत्व) प्रणलीले आप्रवासी कामदारका भिसा रोजगारदाताको अधीनमा राखिदिन्छ जसका कारण रोजगारदाताले कामदारहरूलाई आफ्नो काम परिवर्तन गर्न वा देश फर्कनबाट वञ्चित गर्न सक्छन् । 'ह्युमन राइट वाच' ले दर्जनौं महिलाहरूको अन्तर्वार्ता लियो जसले आफ्ना रोजगारदाताले आफ्नो इच्छा विपरीत महिनौं वा वर्षौं काम गर्न लगाएको बताएका छन् । प्रायसः रोजगारदाताहरूले उनीहरूका राहदानी आफैं राख्छन् र कामदारलाई घरमा थुनेर राख्छन् जसले गर्दा उनीहरूको एकान्तपन बढ्छ र उनीहरू मानसिक, शारीरिक र यौन दुर्व्यवहारको जोखिममा पर्छन् । ८६ घरेलु कामदारसँग लिइएको अन्तरर्वाताबाट ३६ जनाले जवरजस्ती श्रमदेखि लिएर बेच-बिखन वा दाससरहको अवस्थाको सामना गरेको निष्कर्ष 'ह्युमन राइट वाच' ले निकालेको छ ।

“साउदी सरकारसँग सुधारका केही राम्रा प्रस्तावहरू छन् तर उसले तिनमाथि विचार गर्दै धेरै वर्ष बितायो, काम भने केही गरेन”, भारियाले भनिन् । “अब घरेलु कामदारहरूलाई २००५ को श्रम कानुनमा समाहित गर्ने र काफला प्रणलीलाई सुधार्ने जस्ता परिवर्तन गर्ने समय आएको छ जसले गर्दा कामदारहरूका भिसा रोजगारदाताको अधीनमा रहने छैनन् ।”
सामाजिक मामिलासम्बन्धी साउदी मन्त्रालय र प्रहरीको सहयोगमा घरेलु कामदारलाई आफ्नो तलब दावी गर्न र घर फर्कन सहयोग पुऱ्याउन रियादमा एउटा आश्रय सञ्चालन गरिएको छ तापनि धेरै ममिलाहरूमा आश्रयका कर्मचारीहरूले पक्षपातपूर्ण तरीकाले रोजगारदाता र कामदार बिच तलबको टुङ्गो लगाउँदा प्रायसः कामदारहरूलाई हात लाग्यो शून्य हुन आउँछ किनभने उनीहरूले देश छोडेर जान आफ्ना रोजगारदाताको स्वीकृति वापत आफ्नो तलब रोजगारदातालाई नै छोड्नु पर्ने हुन्छ ।

कमजोर अनुसन्धान र बर्षौंसम्म लम्बिने फौजदारी पुर्पक्षको अर्थ फौजदारी न्याय प्रणालीबाट दुर्व्यवहार गर्ने रोजगारदाताहरू विरलै सजायका भागिदार हुने गर्छन् । उदाहरणका लागि रोजगारदाताको स्वीकारोक्ति, प्रशस्त प्रमाण र घनीभूत नागरिक सावधानी हुँदा हुँदै पनि तीन वर्ष लामो पुर्पक्षपछि रियाद अदालतले नुर मियातीका रोजगारदाता विरुद्धको मुद्दा खारेज गऱ्यो । नुर मियाती एक इन्डोनेसियाली घरेलु कामदार हुन् जसलाई रोजगारदाताले भोकै राख्ने र दैनिक कुटपीट गर्ने गरेकाले उनका हात खुट्टाका औंलाहरू काटिएका छन् ।

‘ह्युमन राइट वाच’ भन्दछ “आफूमाथि दुर्व्यवहार गर्नेहरूलाई न्यायको कठघरामा उभ्याइनुको साटो घरेलु कामदारले आफैमाथि बोक्सी(टुना-मुना), चोरी र व्यभिचारको आरोप खप्दछन् र यस्ता अवस्थाहरूमा घरेलु कामदारहरूले प्रायसः दोभाषेसम्मको पहुँच, कानुनी सहायता वा कुटनीतिक सहयोगमा ढिलाइ वा असह्योगको सामना गर्नुपर्छ ।”

सजायहरू कठोर हुन्छन् । उदाहरणका लागि ‘ह्युमन राइट वाच’ ले अध्ययन गरेका अवस्थाहरूका केही नमुनामा “बोक्सी(टुना-मुना)” र व्यभिचार र असम्बन्धित पुरुषहरूसँगको संसर्ग जस्ता “नैतिक” अपराधमा १० वर्षसम्मको कारावास र ६० देखि ४९० पटक सम्म कोर्रा लगाउने सजाय पर्छन् । बलात्कारद्वारा गर्भवती भएका घरेलु कामदारहरू पनि बलात्कार प्रमाणित गर्ने बलियो प्रमाणको मापदण्ड नपुगेको खण्डमा सजायको जोखिममा पर्छन् ।

“मैले कुरा गरेका धेरै महिलाहरूले प्रत्यभियोग(उल्टो अभियोग लगाइनु) को डरले उजुरी गरेका छैनन्”, भारियाले भनिन् । “अन्य अवस्थाहरूमा उनीहरूले आफ्नो मुद्दा बलियो भए तापनि आफूमाथि दुर्व्यवहार गर्नेहरू उपर लगाएको अभियोग फिर्ता लिए किनभने त्यसो नगरे उनीहरू वर्षौंसम्म आफ्ना परिवारजनबाट टाढा र काम गर्न असमर्थ हुने, र अन्तत न्याय पाउने अत्यन्त भिनो आसा लिएर भिडभाडपूर्ण आश्रयमा थन्कनुपर्ने हुन्छ ।”

प्रभावकारी स्थानीय समाधान(उपचार) संयन्त्रको अभावमा इन्डोनेसिया, श्रीलङ्का, फिलिपिन्स र नेपालका कुटनीतिक नियोगहरूले आश्रय प्रदान गर्ने, कानुनी सहयोग गर्ने र गरेको कामको तलव दावी गर्ने र अदालती मुद्दा खेपिरहेकाहरूलाई सहायता पुऱ्याउन प्रायस महत्वपूर्ण भूमिका खेल्छन् । दूतावासहरूसामू पेश गरिएका मागहरू उनीहरूलाई त्यहाँ प्राप्त स्रोत साधनको तुलनामा ज्यादै धेरै छन् र धेरै घरेलु कामदारहरूले आफ्ना मुद्दाहरूका विषयमा बहुत कम सूचना उपलब्ध हुने, लामो समय कुर्नु पर्ने तथा इन्डोनेसिया र श्रीलङ्काबाट आएका घरेलु कामदारहरू भिडभाडपूयर्ण र फोहोरी आश्रयबारे गुनासो गर्छन् ।

‘ह्युमन राइट वाच’ ले साउदी अरेबीयालाई दुर्व्यवहार गर्ने रोजगारदातालाई अनुसन्धान पश्चात सजाय गर्न र घरेलु कामदारहरूलाई मिथ्या(भूठा) प्रत्यभियोगबाट सुरक्षा प्रदान गर्न आह्वान गऱ्यो । उसले घरेलु कमादारहरूको रोजगारीका अवस्थाहरूको अनुगमन गरी उद्धारलाई सहज बनाउन, भुक्तानी हुन बाँकी तलब सुनिश्चित गर्न, दुर्व्यवहारका शिकार भएकाहरूका लागि विस्तृत संभरण सेवाहरूसहितका आश्रयहरू तयार गर्न र समयमै क्षतिपूर्तिको व्यवस्था मिलाउन कामदार पठाउने राष्ट्रहरूसँग थप प्रभावकारी ढंगबाट सहकार्य गर्न आग्रह गऱ्यो । साउदी अरेबीया

तथा कामदार पठाउने राष्ट्रहरूका सरकारहरू दुवैले श्रमिक पठाउने निकायहरू र श्रमिक भर्ति प्रकृयाहरूको ककडाईका साथ र नियमित अनुगमन गर्ने संयन्त्र निमार्ण गर्नुपर्छ ।

साउदी अरेबीयामा ८० लाख भन्दा बढी आप्रवासीहरूले काम गर्छन् र यो लगभग साउदी अरेबीयाको जनसङ्ख्याको एक तिहाई हुन आउँछ । यिनीहरूले स्वास्थ्य, निमार्ण र घरेलु सेवा क्षेत्रमा रिक्त खतरापूर्ण स्थानहरू भरेका छन् र सन् २००६ मा लगभग १५.६ विलियन अमेरिकी डलर (US$15.6 billion) घर पठाएर आफ्नो घरेलु अर्थतन्त्रलाई वार्षिक भरथेग पनि गरेका छन् र यो रकम साउदी अरेबीयाको कुल ग्राहस्थ उत्पादनको लगभग ५ प्रतिशत हो ।

**यो प्रतिवेदनमा प्रस्तुत केही चुनिएका विवरणहरूकक**

“मेरी रोजगारदाताले मलाई ६ वर्ष ८ महिनासम्म इन्डोनेसिया फर्कन दिइनन् ………. मैले कहिल्यै तलब पाइन…………… एक रियाल पनि पाइन……। मेरी रोजगारदाता मसँग कहिल्यै रिसाइनन्, कहिल्यै पिटीनन् । तर उनले मलाई इन्डोनेसीया फर्कन बन्देज लगाइन्” ।
–सीती मुजीयाती डब्ल्यु, इन्डोनेसियाली घरेलु कामदार, जेद्दाह, डिसेम्बर ११, २००६

“केही समय पछि रोजगारदाताले म माथि सहानुभूति दर्शाउन थाले । उनले मलाई उनको सयन कक्षमा बोलाए । उनले भने ‘म तिमीलाई भर्ति गर्ने निकायबाट कसरी ल्याए भनि बताउन चाहन्छु ।’ उनले फेरी भने ‘मैले तिमीलाई १०,००० रियालमा किनेको हुँ ’…….. उनले धेरै पटक मलाई बलत्कार गरे……… मैले सबै कुरा उनकी श्रीमतीलाई बताएँ…….. सिङ्गो परिवार, रोजगारदाता र उनकी श्रीमती सबै म जाओस भन्ने चाहदैनथे । उनीहरूले ढोकाहरू र गेटहरू बन्द गरे ।(त्यहाँबाट भागेर मुद्दाको किनारा लाग्ने पर्खाइमा ९ महिनासम्म दुतावासमा बसेपछि) म अब अरु जस्तो खाली अनुभव गरी फर्कन चाहन्न……….एक दिन उनीहरूले मुद्दा असफल भएको कुरा मलाई बताए । (अब मलाई घर फिर्ता पठाइदै छ )।”
–हाइमा जी. फिलिपिनो घरेलु कामदार, रियाद, डिसेम्बर ७, २००७

“१ बर्ष ५ महिनासम्म मैले तलब पाईन । जब म तलब माग्थें उनीहरू मलाई कुट्थे, चक्कुले काट्थे वा पोल्थे । तिनका दागहरू मेरा ढाडभरि छन् । मेरो शरीरभरि सबै ठाउँ दुख्थ्यो । उनीहरूले मेरो टाउको समातेर भित्तामा बजार्थे । जब जब मैले तलब माग्थें त्यहा लडाई हुन्थ्यो ।”
- पुनम्मा एस, श्रीलङ्काली घरेलु कामदार, रियाद,डिसेम्बर १४, २००६

‘ह्युमन राइट वाच’ प्रतिवेदन “मानौं म मानव नै हैन”: साउदी अरेबीयामा एसियाली घरेलु कामदारहरू विरुद्ध दुर्व्यवहार निम्न ठेगानामा उपलब्ध छ